# स्टार्टअप उद्यम कर्जा कोष कार्यविधि, २०७९

स्वीकृत मितिः २०७९/११/१०

नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएको उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धी काम कारबाहीलाई सरल, स्पष्ट, व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले देहायको कार्यविधि बनाएको छ:-

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्टार्टअप उद्यम कर्जा कोष कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "उद्यमी" भन्नाले दफा ४ मा उल्लेखित उद्यम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो उद्यम गर्ने साझेदारी फर्म वा कम्पनीलाई समेत जनाउँछ।

(ख) "कर्जा" भन्नाले स्टार्टअप व्यवसायको लागि दफा १० को उपदफा (२) बमोजिम प्रदान गरिने कर्जा सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कोषलाई सम्झनुपर्छ ।

(घ) "परियोजना प्रस्ताव" भन्नाले स्टार्टअप व्यवसाय गर्ने उद्देश्यले अनुसूची-१ बमोजिमको ढाँचामा पेश गरेको परियोजना प्रस्ताव सम्झनु पर्छ।

(ङ) "बैङ्क" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको बैङ्क सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले उद्योग विभाग सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दफा ६ बमोजिमको स्टार्टअप उद्यम कार्यान्वयन समिति सम्झनु पर्छ।

(झ) "स्टार्टअप उद्यम" भन्नाले " उद्यमशिल समुहले वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नविन अन्वेषण एवम् सृजनशिल सोचको प्रयोग गरी व्यावसायिक रुपमा सञ्चालन भई स्तरोन्नतीको सम्भावना रहेको उद्यम वा व्यवसाय सम्झनु पर्दछ।"

३. **कोषको स्थापना:** (१) मन्त्रालयले स्टार्टअप उद्यम कर्जा प्रवाहको लागि विनियोजित गरेको रकम समय-समयमा नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराउनेछ र सो रकम नेपाल राष्ट्र बैंकले छुट्टै खाता खोली राख्नेछ ।सो रकम स्टार्टअप उद्यम कर्जा प्रवाह कोषको रुपमा रहनेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले उपलब्ध गराएको रकम नेपाल राष्ट्र बैंकले उक्त खातामा जम्मा गर्नुपर्नेछ।

४. **<u>स्टार्टअप उद्यम वा व्यवसायका मापदण्ड :</u>** (१) स्टार्टअप उद्यममा कर्जा प्रवाह गर्ने प्रयोजनको लागि उद्यम वा व्यवसाय स्थापना वा संचालन भएको सात बर्ष ननाघेका देहायका मापदण्डमध्ये खण्ड (क) देखि (घ) सम्मका मापदण्ड मध्येबाट न्यूनतम तीन र खण्ड (ङ) देखि (छ) सम्मका मापदण्ड मध्येबाट न्यूनतम दुई सहित कम्तिमा पाँच मापदण्ड पूरा गर्ने वा गरेका उद्यम वा व्यवसाय कर्जा सुविधाका लागि योग्य हुनेछन्:

(क) चुक्ता पूँजी रु. ५० लाख भन्दा बढी नभएको,

(ख) उद्यमको कुल आय (Gross Income) वार्षिक रु. ५० लाख भन्दा बढी नभएको,

(ग) स्थिर पूंजी (घर जग्गाको मूल्य बाहेक) रु.२ करोड भन्दा बढी नभएको,

(घ) उद्यममा पूर्णकालिन कामदारको संख्या दश जना भन्दा बढी नभएको ,

(ङ) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न सूचना प्रविधिको उपयोग एवं सृजनशिल सोचको प्रयोगको कार्य ।

(च) उद्यमले वार्षिक रुपमा गर्ने कूल खर्चको कम्तिमा ५ प्रतिशत अंश उत्पादन विकास (Product Development) , बजार विकास एवं अनुसन्धान र विकासमा खर्च गर्ने गरेको ।

(छ) उद्यमको बौद्धिक सम्पत्तिको पेटेण्ट वा डिजायन वा सफ्टवेयर दर्ता भएको वा पेटेण्ट वा डिजायन वा सफ्टवेयर दर्ता गर्न योग्य रहेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस नीति वमोजिम कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहायका उद्यम व्यवसायलाई स्टार्टअप उद्यम मानिने छैनः-

(क) प्रचलित कानून वमोजिम नेपालमा दर्ता नभएको,

(ख) सूचना प्रविधि एवं नविनतम् सोचको प्रयोग नगरी वस्तु वा सेवा विदेशबाट आयात गर्ने कार्य,

(ग) विद्यमान कम्पनी वा व्यवसायलाई टुक्राएर वनाइएको वा सहायक कम्पनी वा फर्मको रुपमा काम गर्ने,

(घ) कर्जा सूचना केन्द्रमा कालोसूचिमा परेको वा त्यस्तो व्यक्तिवाट सञ्चालन भएको,

(ङ) कर प्रयोजनको लागि स्थायी लेखा नम्बर नलिएको,

(च) होल्डिङ्ग कम्पनीको रुपमा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम मझौला वा ठूला उद्योगको वर्गिकरणमा पर्ने उद्यम ।

(छ) प्रचलित कानूनले प्रतिबन्ध लगाएका अन्य विषय ।

५. **<u>स्टार्टअप उद्यमको क्षेत्रः</u>** स्टार्टअप उद्यमको रूपमा सञ्चालन गर्न सकिने उद्यमका क्षेत्र देहाय बमोजिम हुनेछन्:-

(क) कृषि तथा पशुपन्छीमा आधारित,

(ख) वन (जडीबुटी, वन पैदावार) मा आधारित,

(ग) पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित,

(घ) विज्ञान, प्रविधि, सञ्चार तथा सूचना प्रविधिमा आधारित,

(ङ) मानव स्वास्थ्य सेवासँग सम्बन्धित,

(च) शिक्षा तथा शिक्षण सिकाईसँग सम्बन्धित,

(छ) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित,

(ज) पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित,

(झ) अटोमोबाइलसँग सम्बन्धित,

(ञ) परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रियामा सुधारसँग सम्बन्धित,

(ट) खानी तथा खनिज अनुसन्धान र विकाससँग सम्बन्धित,

(ठ) घरायसी वा दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग पुग्ने,

(ड) खाद्य उत्पादन तथा प्रशोधन,

(ढ) फोहोरमैला व्यवस्थापन तथा वातावरण।

६. **<u>स्टार्टअप उद्यम कार्यान्वयन समितिः</u>** (१) स्टार्टअप उद्यम कार्यक्रम सुव्यवस्थित रुपले संचालन गर्न, स्टार्टअप उद्यम छनौट गर्न, स्टार्टअप उद्यमलाई प्रवर्द्धन गर्न, अनुकूल इकोसिष्टम निर्माण एवं नवप्रवर्तनलाई संरक्षण तथा प्रवर्द्धन गरी स्टार्टअप उद्यमलाई आवश्यक नीतिगत, आर्थिक, प्राविधिक लगायतका क्षेत्रहरुमा कार्यक्रम गर्न देहाय बमोजिमको एक स्टार्टअप उद्यम कार्यान्वयन समिति रहनेछः-

| | |
|---|---|
| (क) महानिर्देशक, उद्योग विभाग | - संयोजक |
| (ख) उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (औद्योगिक नीति तथा सहजीकरण शाखा) | - सदस्य |
| (ग) उपरजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय | - सदस्य |
| (घ) निर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग | - सदस्य |
| (ङ) उप-निर्देशक, नेपाल राष्ट्र बैंक | - सदस्य |
| (च) निर्देशक, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | - सदस्य |
| (छ) निर्देशक (प्रविधि तथा वातावरण शाखा), उद्योग विभाग | - सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिले बैठकमा आवश्यक्ता अनुसार उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ महासंघका स्टार्टअप हेर्ने प्रतिनिधि, लगानीकर्ता तथा स्टार्टअप क्षेत्रका विज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(४) यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्टार्टअप उद्यम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्टार्टअप उद्यममा कर्जा प्रवाहको लागि दफा ४ बमोजिमको मापदण्ड पूरा भएका उद्यमीबाट परियोजना प्रस्ताव आव्हान गर्ने,

(ख) स्टार्टअप उद्यमको लागि कर्जा माग गर्ने प्रस्तावित परियोजनाको विवरण तयार गर्ने,

(ग) प्रस्तावित परियोजनाको मूल्याङ्कन र छनौट गरी सूचि र कर्जा प्रवाहको सीमा सहित नेपाल राष्ट्र बैङ्कलाई सिफारिस गर्ने,

(घ) कर्जा प्रवाहका लागि छनौट भई सिफारिस गरिएका परियोजना सम्बन्धमा नेपाल राष्ट्र बैङ्कलाई जानकारी गराउने,

(ङ) कर्जा संरक्षणका लागि समन्वय र सहजीकरण गर्ने गराउने,

(च) कर्जा प्रवाह गरिएका परियोजनाको प्रगतिको अवस्था र सोबाट प्राप्त उपलब्धि स्पष्ट खुलाई वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(छ) स्टार्टअप उद्यमको अनुगमन गर्ने गराउने, र

(ज) मन्त्रालयले तोके बमोजिमका अन्य कार्यहरू गर्ने।

७. <u>कार्यान्वयन समितिको सचिवालयः</u> (१) कार्यान्वयन समितिको सचिवालय उद्योग विभागमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको सचिवालय सञ्चालनका लागि आवश्यक कर्मचारी तथा बजेटको व्यवस्था मन्त्रालयले मिलाउनेछ ।

(३) उपदफा (१) बमोजिमको सचिवालयले यस कार्यविधिमा उल्लेख भएका कार्यको अतिरिक्त देहायको कार्य गर्नेछः-

(क) कर्जा प्रवाहका लागि परियोजना प्रस्ताव आह्वानका लागि सूचना प्रकाशन, सङ्कलन र अभिलेखीकरण गर्ने,

(ख) प्राप्त परियोजना प्रस्ताव दफा ४ बमोजिमको मापदण्ड अनुरूप भए वा नभएको सम्बन्धमा तुलनात्मक विवरण तयार गर्ने,

(ग) प्रस्तावित परियोजना मूल्याङ्कन, छनौट र सिफारिस सम्बन्धी कार्यको लागि कार्यान्वयन समिति समक्ष पेश गर्ने,

(घ) कार्यान्वयन समितिले छनौट तथा सिफारिस गरेको परियोजनालाई कर्जा प्रवाहको लागि सम्बन्धित बैङ्कमा लेखी पठाउने, र

(ङ) कार्यान्वयन समितिले तोके बमोजिमका अन्य कार्य गर्ने।

८. <u>परियोजना प्रस्ताव आह्वान र पेश गर्नेः</u> (१) समितिले यस कार्यविधि बमोजिम कर्जा लिन इच्छुक स्टार्टअप उद्यम गर्ने उद्यमीलाई एक्काइस दिन भित्र परियोजना प्रस्ताव पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिका र विद्युतीय माध्ययमबाट सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनाको अवधिभित्र कर्जा लिन दफा ४ बमोजिम योग्य उद्यमीले परियोजना प्रस्ताव पेश गर्न सक्नेछन।

तर एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेश गर्न सक्नेछैन।

(३) उपदफा (२) बमोजिम पेश गर्ने प्रस्ताव अनुसूची-१ बमोजिमको ढाँचामा विद्युतीय माध्यमबाट प्रस्ताव पेश गर्न सक्नेछन् ।

(४) उपदफा (२) र (३) बमोजिम पेश भएको प्रस्तावमा उल्लेख गरिएका सबै कागजात तथा विवरणहरू सत्य छन् भनी सम्बन्धित प्रस्तावकले स्वःघोषणा गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम स्वःघोषणा गरिएको कागजात तथा विवरण झूटो रहेको पुष्टि भएमा त्यस्तो प्रस्ताव रद्द गरी प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ । त्यस्तो प्रस्तावकर्ता भविष्यमा आवेदन गर्न अयोग्य हुनेछ ।

(६) यस दफा बमोजिम प्राप्त प्रस्तावहरू रूजु गरी प्रमाणीकरण गरेर कार्यान्वयन समितिको सचिवालयले परियोजना प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको सात दिनभित्र कार्यान्वयन समिति समक्ष पेश गर्नु पर्नेछ।

९. <u>परियोजना प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिसः</u> (१) कार्यान्वयन समितिले दफा ८ को उपदफा (६) बमोजिम सचिवालयबाट पेश भएको परियोजना प्रस्तावको मूल्याङ्कन गर्नु गराउनु पर्नेछ।

(२) परियोजना प्रस्तावको मूल्याङ्कन समिति आफै वा प्रस्ताव मूल्याङ्कन उपसमिति गठन गरी गर्न सक्नेछ र त्यस्तो उपसमिति गठन गर्दा कर्जाका लागि प्राप्त भएको परियोजना प्रस्तावको क्षेत्र समेतका आधारमा एक भन्दा बढी उपसमिति रहन सक्नेछन्।

(३) उपदफा (२) बमोजिम उपसमिति गठन गर्दा उपलब्ध भएसम्म प्रस्तावित परियोजनाको क्षेत्र अनुरूपको विषय विज्ञ, उद्यमशिलता विज्ञ, कर्जा प्रवाह गर्न तोकिएको बैङ्क र निजी उद्योगी व्यवसायीको सङ्गठनबाट प्रतिनिधित्व गर्ने सदस्यलाई आमन्त्रित गर्न सक्नेछ।

(४) परियोजना प्रस्तावको मूल्याङ्कन गर्दा परियोजना प्रस्ताव र प्रस्तुतीकरण अनुसूची-१ को ढाँचामा गर्नुपर्नेछ र मूल्याङ्कनको लागि देहाय बमोजिमका आधारमा अनुसूची-२ अनुसार मूल्याङ्कन गर्नुपर्नेछ

(क) स्टार्टअप व्यवसायका लागि तोकिएका मापदण्ड पूरा गरेको,

(ख) परियोजना सञ्चालनबाट अपेक्षित नवप्रवर्तनीय कार्य,

(ग) आगामी एक वर्ष भित्र पूर्णकालीन थप रोजगारी सृजनाको सम्भावना,

(घ) परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना,

(ङ) परियोजनामा प्रयोग हुने प्रत्यक्ष श्रमको स्रोत,

(च) परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चा पदार्थको स्रोत,

(छ) परियोजनाको विषयक्षेत्रमा उद्यमीको शैक्षिक योग्यता र अनुभव,

(ज) परियोजना विस्तार तथा पुनरावृत्तिको सम्भावना,

(झ) वस्तु तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि र लागत न्यूनीकरण,

(ञ) परियोजना स्थलमा पूर्वाधारको उपलब्धता,

(ट) सोचलाई उद्यमशीलतामा रुपान्तरण गर्न सकिने सम्भावना,

(ठ) जोखिम विश्लेषण तथा व्यवस्थापन,

(ड) प्रस्तुतीकरणको क्रममा भएको छलफल अन्तरक्रिया ।

(५) परियोजना प्रस्ताव मूल्याङ्कनको क्रममा परियोजना प्रस्तावक उद्यमीलाई स्वयं उपस्थित भई वा भर्चुअल माध्यमबाट प्रस्तुतीकरण गर्न लगाउन सकिनेछ।

(६) उपदफा (४) बमोजिम मूल्याङ्कन गरिएको परियोजनाले प्राप्त गरेको अङ्क सहितको प्रतिवेदन प्रस्ताव मूल्याङ्कन उपसमितिले कार्यान्वयन समितिसमक्ष पेश गर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा समितिले परियोजनाको एकीकृत मूल्याङ्कन प्रतिवेदन तयार गरी कर्जा प्रवाहको लागि प्रथामिकिकरण सहित उत्कृष्ट परियोजनाको छनौट गरी विभाग समक्ष सिफारिस गर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस गर्दा परियोजना प्रस्तावमा माग गरिएको कर्जा रकममा नबढ्ने गरी अधिकतम पच्चीस लाख रुपैयासम्म कर्जा प्रवाहको सिफारिस गर्नुपर्नेछ।

तर कुनै परियोजनाका लागि माग गरेको रकमभन्दा घटी रकमबाट उक्त परियोजना सञ्चालन हुने पर्याप्त आधार र कारण भएमा त्यस्तो आधार र कारण उल्लेख गरी उद्यमीले माग गरेको भन्दा घटी रकम कर्जा प्रवाहको लागि सिफारिस गर्न सकिनेछ।

(९) प्रस्तावित परियोजना समितिमा पेश भएको तीस दिनभित्र मूल्याङ्कन र छनौट गरी कर्जा प्रवाहको लागि सिफारिस गर्नुपर्नेछ।

(१०) उपदफा (७) बमोजिम सिफारिस भएको परियोजनाको विवरण विभागले आफ्नो वेभसाइटमा सार्वजनिक गरी स्वीकृत बजेट र कार्यक्रमको परिधिभित्र रही प्राथमिकताको आधारमा कर्जा प्रवाहको लागि नेपाल राष्ट्र बैङ्कलाई लेखी पठाउनु पर्नेछ र सोको जानकारी तत्काल सम्बन्धित परियोजना प्रस्तावकलाई गराउनुपर्नेछ।

(११) उपदफा (७) बमोजिम सिफारिस भएको परियोजनाको विवरण नेपाल राष्ट्र बैंकले तत्काल सम्बन्धित कर्जा प्रवाह गर्ने बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

(१२) उपदफा (७) बमोजिम सिफारिस गरिएको मितिले सात दिन भित्र सम्बन्धित परियोजना प्रस्तावकले कर्जा सम्झौता गर्न बैङ्कमा सम्पर्क गर्नुपर्नेछ । सो अवधिभित्र सम्पर्क गर्न नआउने प्रस्तावकको परियोजना प्रस्ताव र सिफारिस स्वतः रद्द हुनेछ।

(१३) उपदफा (१२) बमोजिम कुनै प्रस्ताव र सिफारिस रद्द भएमा उपदफा (७) बमोजिमको एकीकृत मूल्याङ्कन प्रतिवेदनबाट क्रमशः उच्च अङ्क प्राप्त गरेका वैकल्पिक परियोजनालाई कर्जा प्रवाहका लागि सिफारिस गर्न सकिनेछ।

१०. **सम्झौता तथा कर्जा प्रवाहः** (१) नेपाल राष्ट्र बैङ्कले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने बैङ्क तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको बैङ्कले समितिबाट भएको सिफारिसको आधारमा सम्बन्धित प्रस्तावक उद्यमीलाई दुई किस्तामा कर्जा प्रवाह गर्नुपर्नेछ र पहिलो किस्ता वापत स्वीकृत कर्जा रकमको पचास प्रतिशत रकम प्रवाह गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर्जा प्रवाह गर्नु अघि बैङ्कले कर्जा प्राप्त गर्ने तरिका, कर्जाको सीमा, किस्ता बुझाउनु पर्ने अवधि, कर्जा चुक्ताका लागि साँवा फिर्ता र ब्याज भुक्तानी अवधि तथा प्रक्रिया समेत उल्लेख गरी सम्बन्धित प्रस्तावक उद्यमीसँग नेपाल राष्ट्र बैंकले सिफारिस गरेको मितिले तीन दिनभित्र सम्झौता (तमसुक) गर्नु पर्नेछ।

तर त्यस्तो सम्झौता (तमसुक) गर्दा कर्जाको अवधि अधिकतम सात वर्षमा नबढाई ढिलोमा कर्जा लिएको तेस्रो वर्षबाट साँवा फिर्ता प्रारम्भ हुने र ब्याजदर बढिमा तीन प्रतिशत कायम हुने गरी गर्नु पर्नेछ। कर्जा प्रवाह गर्ने बैंकले असुल उपर गरेको साँवा व्याज मध्ये साँवा रकम दफा ३ बमोजिमको खातामा जम्मा गर्नु पर्ने र व्याज रकम सम्बन्धित बैंकले आफै राख्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम बैङ्कले उद्यमीसँग गरेको सम्झौताको जानकारी सम्झौता गरेको सात दिनभित्र समितिको सचिवालयलाई दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको सम्झौता बैङ्कले आफ्नो शाखा कार्यालयमार्फत गर्नुपर्नेछ ।

(६) उपदफा (३) बमोजिम सम्झौता भएपछि सम्बन्धित बैङ्कले उद्यमीलाई तीन कार्यदिन भित्र कर्जाको प्रथम किस्ता उपलब्ध गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम उपलब्ध गराइएको प्रथम किस्ताको रकम सम्बन्धित उद्यमीले स्टार्टअप उद्यममा कर्जा उपयोग गरेको पुष्टयाँइ सहित दोस्रो किस्ता माग गरेमा बैङ्कले स्थलगत निरीक्षण गरी प्रगतिको आधारमा स्वीकृत कुल कर्जा सीमाभित्र रहेर उद्यमीलाई दोस्रो किस्ता कर्जा उपलब्ध गराउनेछ।

(८) उद्यमीले पहिलो किस्ता भुक्तानी लिएको मितिले छ महिना भित्र उपदफा (६) बमोजिमको दोस्रो किस्ता माग गर्नु पर्नेछ।

(९) उपदफा (६) वा (७) बमोजिम उद्यमीलाई उपलब्ध गराएको कर्जाको कागजात समेत संलग्न गरी शोधभर्नाका लागि बैङ्कले नेपाल राष्ट्र बैङ्कमा माग गर्नु पर्नेछ।

**११. कर्जाको धितो तथा कर्जा सुरक्षणः** (१) यस कार्यविधि बमोजिम बैङ्कले कर्जा प्रवाह गर्दा स्वीकृत परियोजनालाई नै धितोको रूपमा राख्नेछ।

(२) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा बैङ्कले प्रचलित कानून बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषमा कर्जाको सुरक्षण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कर्जा सुरक्षण गर्दा लाग्ने शुल्क निक्षेप तथा कर्जा सुरक्षण कोषले नेपाल राष्ट्र बैङ्कमा माग गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम माग गरिएको शुल्क नेपाल राष्ट्र बैङ्कले दफा ३ को उपदफा (१) बमोजिमको खाताबाट उपलब्ध गराउनेछ।

**१२. कर्जा भुक्तानी अवधिः** (१) यस कार्यविधि बमोजिम कर्जा लिएको उद्यमीले सम्झौता (तमसुक) मा लेखिएको किस्ता बमोजिम कर्जाको साँवा र ब्याज चुक्ता गर्नु पर्नेछ।

तर कुनै उद्यमीले किस्ता अवधि अगावै कर्जा चुक्ता गर्न चाहेमा चुक्ता गर्न सक्नेछ र सो बापत अतिरिक्त शुल्क लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम कर्जाको साँवा र ब्याज चुक्ता नगरेमा त्यस्तो उद्यमीलाई बैङ्कले प्रचलित कानून बमोजिम खराब कर्जा (Non Performing Loan) मा गणना गरी चुक्ता गर्न बाँकी रकम सरकारी बाँकी सरह असुल गर्ने गराउनेछ।

**१३. <u>कोषको सञ्चालन:</u>** (१) यस कार्यविधि बमोजिम छनौट भएको उद्यमलाई नेपाल राष्ट्र वैकले तोकेको नेपाल सरकारको पूर्ण वा अधिकाँश स्वामित्व भएको वाणिज्य वैकमार्फत कर्जा प्रवाह गरिनेछ।

(२) दफा १० को उपदफा (९) बमोजिम बैङ्कले शोधभर्ना माग गरेको रकम विवरण प्राप्त भएको मितिले सात दिन भित्र नेपाल राष्ट्र बैङ्कले दफा ३ बमोजिमको खाताबाट उपलब्ध गराउनेछ।

(३) दफा १२ बमोजिम असुल भएको किस्ता रकमबाट सम्बन्धित बैङ्कले दफा १४ को खण्ड (ख) बमोजिमको रकम कट्टा गरी बाँकी रकम तीस कार्यदिन भित्र नेपाल राष्ट्र बैङ्कमा फिर्ता बुझाउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको रकम नेपाल राष्ट्र बैङ्कले दफा ३ बमोजिमको खातामा जम्मा गर्नुपर्नेछ र त्यसको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको तीस दिन भित्र मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेछ ।

(५) खातामा रहेको रकमको प्रयोजन समाप्त भएपछि खातामा बाँकी रहेको रकम नेपाल राष्ट्र बैङ्कले नेपाल सरकारलाई फिर्ता गर्नुपर्नेछ।

(६) छनौट भएको स्टार्टअप उद्यमलाई कर्जा प्रवाह गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले आवश्यक सहजीकरण गर्नेछ।

**१४. <u>बैङ्कले शुल्क लिन सक्ने:</u>** यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने बैङ्कले देहाय बमोजिमको रकम लिन सक्नेछः-

(क) उद्यमी र बैङ्क बिच सम्झौता गरी कर्जा प्रवाह गर्दा प्रशासनिक/सेवा शुल्क बापत सम्बन्धित उद्यमीबाट कर्जा रकमको अधिकतम शुन्य दशमलव एक प्रतिशतसम्म, र

(ख) उद्यमीले लिएको कर्जा उठाउने कार्यका लागि प्रोत्साहनस्वरुप दफा १२ को उपदफा (१) बमोजिम फिर्ता प्राप्त भएको किस्ता रकम मध्ये साँवा रकमको शुन्य दशमलव पाँच प्रतिशत।

**१५. <u>प्रशिक्षक (मेन्टर) सम्बन्धी व्यवस्था:</u>** (१) यस कार्यविधि बमोजिमको कर्जाबाट सञ्चालित स्टार्टअप उद्यमलाई उत्प्रेरित गरी उद्यमीको काममा आत्मविश्वास बढाउन समितिले सम्बन्धित विषयको विज्ञ प्रशिक्षक (मेन्टर) को सूची (रोस्टर) तयार गरी वेव साइट मार्फत प्रकाशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुने विज्ञ प्रशिक्षक (मेन्टर) को योग्यता विभागले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सूची (रोस्टर) बाट समितिको सिफारिसमा विभागले यस कार्यविधि बमोजिम कर्जा प्राप्त गरी सञ्चालन भएको स्टार्टअप उद्यमको परियोजनामा विज्ञ परामर्श उपलब्ध गराउन सहजीकरण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम परिचालित प्रशिक्षक (मेन्टर) को पारिश्रमिक र सेवा सुविधा विभागले तोके बमोजिम हुनेछ।

(५) निजी उद्योगी व्यवसायीको संघ/महासंघले समितिलाई जानकारी गराई त्यस्ता सङ्गठनको तर्फबाट स्टार्टअप व्यवसायलाई विज्ञ परामर्श उपलब्ध गराउन अनुभवी तथा सफल उद्यमी व्यवसायीलाई स्वयंसेवक प्रशिक्षक (मेन्टर) को रूपमा परिचालन गर्न सक्नेछन्।

(६) उपदफा (५) बमोजिम परिचालित प्रशिक्षक (मेन्टर) ले परामर्श सेवा उपलब्ध गराएको उद्यमीको सूची, अवधि र सोबाट प्राप्त उपलब्धि सहितको प्रतिवेदन त्यस्तो निजी उद्योगी व्यवसायीको संघ/महासंघ मार्फत समितिमा पेश गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम पेश भएको प्रतिवेदन समेतको मूल्याङ्कनका आधारमा स्वयंसेवक प्रशिक्षक (मेन्टर) लाई समितिको सिफारिसमा विभागले सम्मान गर्न सक्नेछ।

(८) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्टार्टअप व्यवसाय गर्ने उद्यमीले उपदफा (१) बमोजिमको सूची (रोष्टर) बाट आवश्यकता अनुसार प्रशिक्षक (मेन्टर) को सेवा उपयोग गर्न सक्नेछ र त्यस्तो अवस्थामा प्रशिक्षक (मेन्टर) को सेवा सुविधा बापतको पारिश्रमिक त्यस्तो उद्यमी स्वयंले व्यहोर्नु पर्नेछ।

१६. **<u>उद्यमीको दायित्वः</u>** यस कार्यविधिमा अन्यत्र उल्लिखित दायित्वको अतिरिक्त यस कार्यविधि बमोजिम कर्जा प्राप्त गरेका उद्यमीको दायित्व देहाय बमोजिम हुनेछः-

(क) कर्जा रकमलाई परियोजना प्रस्तावमा उल्लेख गरिए बमोजिमको उद्देश्यमा मात्र प्रयोग गर्ने,

(ख) कर्जा सम्झौतामा उल्लेख गरिएबमोजिम कर्जाको साँवा र ब्याज सहितको किस्ता रकम चुक्ता गर्ने,

(ग) समिति तथा बैङ्कबाट गरिने अनुगमनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने,

(घ) आफूले गरेको स्टार्टअप उद्यमको प्रगति प्रतिवेदन वार्षिक रूपमा समितिको सचिवालय र कर्जा प्रवाह गर्ने बैङ्कमा पेश गर्ने,

(ङ) परियोजना स्थलमा सर्वसाधारणले देख्ने गरी "नेपाल सरकारको सहुलियतपूर्ण स्टार्टअप कर्जा सुविधा प्राप्त उद्यम" लेखिएको बोर्ड राख्ने, र

(च) समिति र बैङ्कले दिएको निर्देशनको पालना गर्ने।

१७. **<u>अनुगमन तथा प्रतिवेदन गर्नेः</u>** (१) यस कार्यविधि बमोजिम उपलब्ध कर्जाबाट सञ्चालित स्टार्टअप उद्यम स्थापनाको उद्देश्य र सम्झौता अनुरूप सञ्चालन भए वा नभएको सम्बन्धमा कर्जा प्रवाह

गर्ने बैङ्कले नेपाल राष्ट्र बैङ्कबाट जारी निर्देशन बमोजिम आवधिक रूपमा अनुगमन गर्नेछ। त्यसरी अनुगमन गरेको प्रतिवेदन सात दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा समितिको सचिवालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा सो कार्यमा सहयोग गर्नु कर्जा प्राप्त गर्ने उद्यमीको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा यस कार्यविधि विपरीत हुने गरी कुनै उद्यम गरे वा गराएको पाइएमा अनुगमन गर्न खटिएको बैङ्कको कर्मचारीले निश्चित समयावधि तोकी त्यस्तो उद्यममा सुधार गर्न सम्बन्धित उद्यमीलाई आवश्यक निर्देशन दिन सक्नेछ र सोको जानकारी समितिलाई समेत गराउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन अनुरूप निर्धारित समयावधिभित्र आवश्यक सुधार भएको नपाइएमा बैङ्कले त्यस्तो उद्यमीलाई कर्जाको साँवा र व्याज तत्काल फिर्ता गर्न निर्देशन दिन सक्नेछ र सोको जानकारी समितिलाई समेत गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्देशन दिँदा पनि त्यस्तो कर्जा फिर्ता नगरेमा त्यस्तो उद्यमीलाई बैङ्कले प्रचलित कानून बमोजिम कालोसूचीमा राखी बाँकी रकम सरकारी बाँकी सरह असुल गर्ने गराउनेछ।

(६) स्टार्टअप उद्यम संचालन गर्ने उद्यमीले आफ्नो उद्यममा भएको प्रगति, संचालनको अवस्था, कठिनाई, सम्बद्ध सरकारी निकाय र अन्य क्षेत्रबाट अपेक्षा गरेको सहयोग समेतका विषयहरु खुलाएर समिति समक्ष वार्षिक रूपमा प्रतिवेदनको रुपमा पेश गर्न सक्नेछ ।

१८. **गुनासो सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम समितिले सिफारिस गरेको आधारमा बैङ्कबाट कर्जा प्रवाह हुन नसक्ने कुनै मनासिव कारण भएमा सम्बन्धित बैंकले सोको कारण खोली सम्बन्धित उद्यमीलाई लिखित जानकारी दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बैंकले कर्जा प्रवाह नगरेमा त्यस्तो उद्यमीले समिति समक्ष लिखित गुनासो गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै गुनासो प्राप्त भएमा गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र छानविन गरी त्यस्तो गुनासो सम्बोधन गर्न समितिले बैङ्कलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निर्देशन पालना गर्नु बैङ्कको कर्तव्य हुनेछ।

१९. **पुरस्कृत गर्न सक्नेः** यस कार्यविधि बमोजिम कर्जा प्राप्त गरी प्रभावकारी रूपमा परियोजना कार्यान्वयन गरेर स्टार्टअप उद्यमको विस्तार (स्केलअप) गर्न उत्कृष्ट उद्यमीलाई विभागको सिफारिसमा मन्त्रालयले पुरस्कृत गर्न सक्नेछ ।

२०. **असल नियत र जवाफदेहिताः** (१) यस कार्यविधि बमोजिम हुने कर्जा प्रवाह प्रक्रियामा संलग्न व्यक्ति, उद्यमी र निकायले असल नियतले काम गर्नुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्ने क्रममा मूल्याङ्कन उपसमिति समितिप्रति र समिति मन्त्रालय प्रति जवाफदेही हुनेछ।

२१. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२२. **<u>आवश्यक व्यवस्था मिलाउन सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

***

## अनुसूची -१

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

## उद्यमीले पेश गर्ने परियोजना प्रस्तावको ढाँचा

### क. प्रस्तावकको परिचयः

१. प्रस्तावकको किसिम (कुनै एकमा चिन्ह लगाउने):

साझेदारी फर्म □ कम्पनी □

२. साझेदारी फर्म वा कम्पनीको विवरण:

i. साझेदारी फर्म / कम्पनीको नामः ------------------------------- शुरु दर्ता भएको निकायः --------------------------- दर्ता मितिः ------------------- दर्ता नम्बरः ------------- स्थायी लेखा नम्बरः -------- कारोबार सुरू गर्न इजाजत आवश्यक पर्ने फर्म वा कम्पनीको हकमा इजाजत जारी गर्ने निकायः ------------------------ इजाजत प्राप्त मितिः ------------- इजाजत बहाल रहने अवधीः ---------------

ii. मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगानाः प्रदेशः ------------ जिल्लाः ------------ गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ---------------- वार्ड नं.: ---- टोलः -------------- टेलिफोन नं.:------------- ईमेलः ----------------

iii. आधिकारिक प्रतिनिधिको नाम थरः ----------------------------- पद/दर्जाः------------ टेलिफोन नं.: ---------------- मोबाइल नं.: ----------------- इमेलः -----------------

३. साझेदार वा संचालकहरुको विवरण

i. नामः -----------------------------

-------------------------------

-----------------------------

ii. नागरिकता नम्बरः --------- जारी गरिएको जिल्लाः ------------- जारी मितिः------------

iii. स्थायी ठेगानाः प्रदेशः ------------- जिल्लाः ------------- गा.पा./न.पा./उ.म.न.पा. /म.न.पा.: -------------------------- वार्ड नं.: ---- टोलः ---------------

iv. हालको बसोबासः प्रदेशः ------------ जिल्लाः ------------- गा.पा./न.पा./उ.म.न.पा. /म.न.पा.: -------------------------- वार्ड नं.: ---- टोलः ---------------

v. दर्ता भएको फर्मको नामः ------------------------ शुरु दर्ता गर्ने निकायः ------------- दर्ता मितिः ------------------ दर्ता नम्बरः ------------- स्थायी लेखा नम्बरः ----------- कारोबार सुरू गर्न इजाजत आवश्यक पर्ने फर्मको हकमा इजाजत-पत्र जारी गर्ने निकायः -------------- इजाजत-पत्र प्राप्त मितिः ------------- इजाजत-पत्र बहाल रहने अवधीः --------

vi. मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगानाः प्रदेशः ------------ जिल्लाः ------------ गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ---------------- वार्ड नं.: ---- टोलः -------------- टेलिफोन नं.: ---------- प्रोप्राइटरको मोबाइल नं.: ------------ इमेलः -----------------

### ख. प्रस्तावित परियोजना सम्बन्धी विवरणः

१. परियोजनाको परिचय (२०० शब्दमा नबढ्ने गरी): --------

२. परियोजनाको उद्देश्य (५० शब्दमा नबढ्ने गरी): --------

३. उद्यम क्षेत्र (दफा ५ सँग सम्बन्धित): ---------------

४. परियोजनाको कुल अनुमानित लागत रु. ---------- हालसम्म परियोजनामा भएको खर्च रु. -------

५. परियोजना विश्लेषणः

i. स्टार्टअप उद्यमको रूपमा रहने आधार (दफा ४ अनुसारका मापदण्ड; सम्बन्धित सबैमा चिनो लगाउने):

(क) उद्यम वा व्यवसाय स्थापना वा संचालन भएको सात बर्ष: नाघेको □ ननाघेको □

(ख) चुक्ता पूँजी रु. ५० लाख भन्दा बढी: भएको □ नभएको □

(ग) उद्यमको कुल आय (Gross Income) वार्षिक रु. ५० लाख भन्दा बढी: भएको □ नभएको □

(घ) स्थिर पूंजी (घर जग्गाको मूल्य बाहेक) रु.२ करोड भन्दा बढी: भएको □ नभएको □

(ङ) उद्यममा पूर्णकालिन कामदारको संख्या दश जना भन्दा बढी: भएको □ नभएको □

(च) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न सूचना प्रविधिको उपयोग एवं सृजनशिल सोचको प्रयोग: भएको □ नभएको □

(छ) उद्यमले वार्षिक रुपमा गर्ने कूल खर्चको कम्तिमा ५ प्रतिशत अंश उत्पादन विकास (Product Development) , बजार विकास एवं अनुसन्धान र विकासमा खर्च गर्ने गरेको: छ □ छैन □

(ज) उद्यमको बौद्धिक सम्पत्तिको पेटेण्ट वा डिजायन वा सफ्टवेयर दर्ता भएको वा पेटेण्ट वा डिजायन वा सफ्टवेयर दर्ता गर्न योग्य रहेको: छ □ छैन □

(झ) गत आर्थिक वर्षको कुल खर्च रु. ......................; सोही अवधीमा अनुसन्धान, बजारीकरण वा वस्तु तथा सेवा विकासका लागि गरिएको खर्च रु. ..................., अनुपातः ......... प्रतिशत

(ञ) साझेदार/शेयरधनीले हालसम्म गरेको स्वलगानी (चुक्ता पुँजी) रु. .................. कर्जा प्राप्तिको लागि माग गरिएको रकम रु. ..................... कर्जा माग/चुक्ता पुँजी अनुपातः ....... प्रतिशत

(ट) वस्तु वा सेवाको खरिदबिक्रीको (एजेन्सी मोडलको) कार्य गर्नेः हो □ हैन □

(ठ) भइरहेको अन्य कम्पनीलाई टुक्र्याएर प्रस्तावित व्यवसाय बनाइएकोः हो □ हैन □

(ड) गत आर्थिक वर्षको व्यवसायिक कारोबारः रू. ........................

(ढ) कर्जा सूचना केन्द्रको कालो सूचीमाः रहेको □ नरहेको □

(ण) प्रस्तावित परियोजनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट हालसम्म अन्य कुनै अनुदान वा सहुलियतः लिएको □ नलिएको □

(त) प्रस्तावित परियोजनाको उद्देश्यः नाफामूलक □ गैरनाफामूलक □

ii. परियोजना सञ्चालनबाट हुने नवप्रवर्तनीय कार्य (मिल्ने कुनै एकमा चिनो लगाउने):

- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समग्र प्रणालीमा नवीन पद्धतिको विकास □
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको खास क्षेत्रमा नवीन पद्धतिको विकास □
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कुनै प्रक्रियामा नवीन पद्धतिको विकास □

त्यस्तो नवीन पद्धति सम्बन्धि संक्षिप्त विवरण (५० शब्दमा नबढ्ने गरी): ......................

iii. आगामी एक वर्षको अवधीमा थप रोजगारी सिर्जनाको सम्भाव्य सङ्ख्याः ......

iv. परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजार (कुनै एकमा चिनो लगाउने):

- स्वदेशी बजार □ अन्तर्राष्ट्रिय बजार □ स्वदेशी तथा अन्तर्राष्ट्रिय दुवै बजार □

v. परियोजनामा प्रयोग हुने प्रत्यक्ष श्रमको स्रोत (कुनै एकमा चिनो लगाउने):

- पूर्णरूपमा स्वदेशी □ पूर्णरूपमा वैदेशिक □ अधिकतम स्वदेशी □ अधिकतम वैदेशिक □

vi. परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चा पदार्थको स्रोत (कुनै एकमा चिनो लगाउने):

- पूर्णरूपमा स्वदेशी □ पूर्णरूपमा वैदेशिक □ अधिकतम स्वदेशी □ अधिकतम वैदेशिक □

vii. प्रस्तावित परियोजनाको विषयक्षेत्रमा मुख्य उद्यमीको शैक्षिक योग्यताः

- १२ कक्षा वा सो भन्दा कम □ स्नातक □ स्नातकोत्तर वा सो भन्दा बढी □
- पछिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र (अपलोड गर्ने)

viii. प्रस्तावित परियोजनाको विषयक्षेत्रमा मुख्य उद्यमीको अनुभवः

- अनुभव नभएको □ २ वर्ष भन्दा कम अनुभव भएको □ २ वर्ष वा सो भन्दा बढीको अनुभव भएको □
- अनुभवको प्रमाणपत्र (अपलोड गर्ने)

ix. जोखिम विश्लेषण तथा व्यवस्थापनः
- परियोजनाको जोखिम विश्लेषण कार्य गरिएकोः छ □ छैन □
- गरिएको छ भने जोखिमको विषय (५० शब्दमा नबढ्ने गरी): ...............
- जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना (१०० शब्दमा नबढ्ने गरी): .....................

x. प्रस्तावित परियोजना विस्तार तथा पुनरावृतिको सम्भावना (कुनै एकमा चिनो लगाउने):
- परियोजनामा आगामी १ वर्ष भित्र लगानी तथा उत्पादन वृद्धिको सम्भावनाः छ □ छैन □
- परियोजनाको बौद्धिक सम्पत्ति दर्ता भएकोः छ □ छैन □
- परियोजनामा विदेशी पुँजी लगानी भएकोः छ □ छैन □
  यदी छ भने त्यस्तो लगानी रु. ......... स्रोत मुलुकः ...............
- परियोजनाले प्रसिद्ध विदेशी ब्राण्ड वा फ्रयान्चाइज उपयोगको विशेषाधिकार लिएको: छ□ छैन□
  यदी छ भने त्यस्तो ब्राण्ड वा विशेषाधिकार (फ्रयान्चाइज) को नामः ................ बहाल रहने अवधीः ............

xi. प्रस्तावित परियोजनाको कार्यान्वयनबाट वस्तु वा सेवा प्रवाहमा हुने सुधार (कुनै एकमा चिनो लगाउने):
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि हुनेः हुन्छ □ हुँदैन □
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको वित्तीय लागत घटाउनेः घटाउँछ □ घटाउँदैन □
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समय घटाउनेः घटाउँछ □ घटाउँदैन □

xii. परियोजनाकोः
- सबल पक्ष (१०० शब्दमा नबढ्ने गरी): ..................
- कमजोर पक्ष (१०० शब्दमा नबढ्ने गरी): ..................
- अवसर (१०० शब्दमा नबढ्ने गरी): ..................
- चुनौती (१०० शब्दमा नबढ्ने गरी): ..................

xiii. परियोजनाले वस्तु वा सेवा उत्पादन र बिक्री वितरण आरम्भ गरेको मितिः .................. वा आरम्भ हुने अपेक्षित मितिः ..................

xiv. परियोजना मुनाफामा जाने अपेक्षित आर्थिक वर्षः ..................

xv. परियोजना स्थलमा पूर्वाधारको अवस्था (सम्बन्धित सबैमा चिनो लगाउने):
- विद्युत □ सडक □ सञ्चार □ खानेपानी □ भवन □

## ग. प्रस्तावको साथमा संलग्न गर्नु पर्ने कागजातः

१. फर्म/कम्पनी वा उद्योगको दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,
३. अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, र
४. फर्म/कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

– *उपरोक्तानुसारको विवरण प्रविष्टी गरिसके पश्चात प्रस्तावकले पेश गरेका सबै विवरण ठीक दुरूस्त छ भनी स्वघोषणा गर्नुका साथै कर्जा प्रवाहसम्बन्धी शर्त स्वीकारोक्तिको प्रतिबद्धता सहित प्रस्ताव पेश गर्नुपर्नेछ।*

## अनुसूची - २

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

## परियोजना प्रस्ताव मूल्याङ्कनको आधार र ढाँचा

| क.सं. | मूल्याङ्कनका आधार | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| क. | **वस्तुगत मूल्याङ्कन** | ९० | |
| १ | **स्टार्टअप उद्यमका लागि तोकिएका मापदण्ड पूरा गरेको (कुनै एक)** | १२ | ..... |
| | i. न्यूनतम ५ वटा मापदण्ड पूरा भएको — ७ | | |
| | ii. न्यूनतम ७ वटा मापदण्ड पूरा भएको — ९ | | |
| | iii. तोकिएका सबै मापदण्ड पूरा भएको — १२ | | |
| २ | **परियोजना सञ्चालनबाट अपेक्षित नवप्रवर्तनीय कार्य (कुनै एक)** | १२ | ..... |
| | i. विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समग्र प्रणालीमा नवीन पद्धतिको विकास — १२ | | |
| | ii. विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको खास क्षेत्रमा नवीन पद्धतिको विकास — ९ | | |
| | iii. विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कुनै प्रक्रियामा नवीन पद्धतिको विकास — ७ | | |
| ३ | **आगामी १ वर्ष भित्र पूर्णकालीन थप रोजगारी सृजनाको सम्भावना (कुनै एक)** | १२ | ..... |
| | i. ५ जनासम्म थप रोजगारी सृजना गर्ने - ६ | | |
| | ii. ५ भन्दा माथि १० जनासम्म थप रोजगारी सृजना गर्ने - ८ | | |
| | iii. १० भन्दा माथि १५ जनासम्म थप रोजगारी सृजना गर्ने - १० | | |
| | iv. १५ भन्दा बढी थप रोजगारी सृजना गर्ने — १२ | | |
| ४ | **परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना (कुनै एक)** | १२ | ..... |
| | i. स्वदेशी बजारको सम्भावना — ८ | | |
| | ii. अन्तराष्ट्रिय बजारको सम्भावना - १० | | |
| | iii. स्वदेशी तथा अन्तर्राष्ट्रिय दुवै बजारको सम्भावना - १२ | | |
| ५ | **परियोजनामा प्रयोग हुने प्रत्यक्ष श्रमको स्रोत (कुनै एक)** | ८ | ..... |
| | i. पूर्णरूपमा स्वदेशी श्रमिकको प्रयोग - ८ | | |
| | ii. न्यूनतम ५० प्रतिशत स्वदेशी श्रमिकको प्रयोग - ६ | | |
| | iii. ५० प्रतिशतभन्दा घटी स्वदेशी श्रमिकको प्रयोग - ४ | | |
| ६ | **परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चा पदार्थको स्रोत (कुनै एक)** | ८ | ..... |
| | i. पूर्णरूपमा स्वदेशी कच्चा पदार्थमा आधारित — ८ | | |
| | ii. न्यूनतम ५० प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित — ६ | | |
| | iii. ५० प्रतिशतभन्दा घटी स्वदेशी कच्चा पदार्थमा आधारित — ४ | | |
| ७ | **परियोजनाको विषयक्षेत्रमा उद्यमीको शैक्षिक योग्यता र अनुभव (कुनै एक)** | २ | ..... |
| | i. स्नातक वा सो भन्दा माथिल्लो तहको शिक्षा हासिल गरेको — १ | | |
| | ii. न्यूनतम २ वर्षको कार्य अनुभव हाँसिल गरेको — १ | | |

| क.सं. | मूल्याङ्कनका आधार | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| ८ | **परियोजना विस्तार तथा पुनरावृत्तिको सम्भावना** | १२ | |
| | i. परियोजनाले विदेशमा नेपाली ब्राण्ड वा फ्रयान्चाइजको विस्तार गरेमा - ६ | | ..... |
| | ii. आगामी १ वर्ष भित्र लगानी तथा उत्पादन वृद्धिको सम्भावना रहेको - २ | | ..... |
| | iii. परियोजनाको बौद्धिक सम्पत्ति दर्ता भएको - २ | | ..... |
| | iv. परियोजनामा विदेशी पुँजी लगानी भएको - २ | | ..... |
| ९ | **वस्तु तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि र लागत न्यूनीकरण** | ७ | |
| | i. विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि हुने — ३ | | ..... |
| | ii. विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको वित्तीय लागत घटाउने — २ | | ..... |
| | iii. विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कूल समय घटाउने — २ | | ..... |
| १० | **परियोजना स्थलमा पूर्वाधारको उपलब्धता** | ५ | |
| | i. भवन -१ | | ..... |
| | ii. सडक -१ | | ..... |
| | iii. सञ्चार -१ | | ..... |
| | iv. खानेपानी -१ | | ..... |
| | v. विद्युत -१ | | ..... |
| **ख.** | **विषयगत मूल्याङ्कन #** | १० | |
| ११ | **सोचलाई उद्यमशीलतामा रुपान्तरण गर्न सकिने सम्भावना** | ४ | |
| | i. स्पष्ट दृष्टिकोण सहितको योजना — १ | | ..... |
| | ii. प्राविधिक रुपमा सम्भाव्य — १ | | ..... |
| | iii. आर्थिक स्रोत व्यवस्थापनको सम्भावना - १ | | ..... |
| | iv. सामाजिक तथा सांस्कृतिक रुपले स्वीकारयोग्य - १ | | ..... |
| | | | ..... |
| १२ | **जोखिम विश्लेषण तथा व्यवस्थापन** | २ | |
| | i. प्रस्तावित परियोजनाको जोखिम विश्लेषण — १ | | ..... |
| | ii. जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना - १ | | ..... |
| १३ | **प्रस्तुतीकरणको क्रममा भएको छलफल अन्तरक्रिया** | ४ | |
| | i. परियोजना प्रतिको आत्मविश्वास — १ | | ..... |
| | ii. परियोजनासँग अन्तरसम्बन्धित विषयको बोध - १ | | ..... |
| | iii. परियोजनाको SWOT Analysis गर्न सक्ने क्षमता - १ | | ..... |
| | iv. रणनीतिक कुशलता — १ | | ..... |
| | **कुल जम्मा** | १०० | ..... |

*#: विषयगत मूल्याङ्कनको क्रममा मूल्याङ्कनकर्तालि ४० प्रतिशत भन्दा न्यून वा ७० प्रतिशत भन्दा अधिक अङ्क प्रदान गर्नुपर्दा सोको औचित्य र पुष्ट्याँइ समेत उल्लेख गर्नुपर्नेछ।*

मूल्याङ्कनकर्ताको विशेष कुनै टिप्पणी भएमा सोः ...................................................................

.....................................................................................................................

## अनुसूची - ३

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>अनुगमन प्रतिवेदनको ढाँचा</u>**

१. परियोजनाको नामः --------------------------------- ठेगानाः ------------------------------ सम्पर्क टेलिफोन/मोबाइल नं.ः ---------------

२. परियोजना कार्यान्वयन गर्ने उद्यमीको नामः -----------------------------

३. परियोजना स्वीकृत भएको मितिः ----------------------

४. परियोजना प्रस्तावक र बैङ्कबिच कर्जा सम्झौता मितिः ---------------

५. परियोजनामा प्रवाह गरिएको कर्जाः जम्मा रु. ---------

प्रथम किस्ता कर्जाः लिएको/ नलिएको (लिएको भए कर्जा रुः ---------------- मितिः --------------)

दोस्रो किस्ता कर्जाः लिएको/ नलिएको (लिएको भए कर्जा रुः ---------------- मितिः --------------)

६. कर्जाको किस्ता भुक्तानीको अवस्थाः ---------

७. परियोजनाको सुरू मितिः ---------------

८. परियोजना सम्पन्न हुनु पर्ने मितिः ---------------

९. परियोजनाको शुरू लागत रकमः ---------------

१०. परियोजनामा कार्यरत पूर्णकालिन कामदार सङ्ख्याः ---------------

११. परियोजनाको प्रशिक्षक (मेन्टर) को नाम (भएमा)ः ------------------ टेलिफोन/मोबाइल नं.ः ---------

१२. यसअघि भएको अनुगमनः मिति ---------- अनुगमन गर्ने निकायः -------------

मिति ---------- अनुगमन गर्ने निकायः -------------

मिति ---------- अनुगमन गर्ने निकायः -------------

१३. परियोजनाको शुरू मूल्याङ्कन तथा छनौट गर्दा लिइएका आधारहरू बमोजिम प्रगतिको अवस्थाः

(क)-----------

(ख)-----------

(ग) -----------

(घ) -----------

१४. परियोजना कार्यान्वयनमा देखिएका समस्या र कारणः ---------------

१५. समस्या समाधान गर्न सम्बन्धित तहबाट भएको प्रयासः ------------------

१६. समस्या समाधान गर्ने जिम्मेवार निकाय/अधिकारीः -------------------

१७. अनुगमन गर्ने अधिकारीबाट दिइएका मुख्य सुझावः --------------------

१८. दिइएका सुझावमा उद्यमीको प्रतिक्रियाः ------------------------

१९. अनुगमन मितिः ------------------

२०. अनुगमन गर्ने अधिकारीको नामः ---------------

दर्जाः ---------------

कार्यालयः ---------------

दस्तखतः -----------

मितिः ---------------